# भ्रमण वर्षः २० लाख पर्यटकमात्र सफलताको सूचक होइन

सरु ढकाल
विश्लेषक

नेपालले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउँदैछ । २० लाख पर्यटक भित्र्याउने महत्वाकांक्षी लक्ष्य बोकेको भ्रमण वर्षको तयारी हेर्दा भने त्यति उत्साही हुन सकिँदैन । भ्रमण वर्षको तयारी गर्नुपर्ने बेला लामो समयसम्म तालुक निकाय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नेतृत्वविहीन हुनु र मन्त्रीका रुपमा नेतृत्व सम्हालेका योगेश भट्टराईलाई बुझ्न नै समय लाग्नुजस्ता कारणले यसको तयारी ओझेलमा पर्‍यो । हुन त यतिबेला मन्त्री भट्टराई कूटनीतिक नियोगका प्रतिनिधिलाई बोलाएर सहयोगको आग्रह पनि गरिरहेका छन् र उद्घाटन समारोहमा विभिन्न मुलुकका पर्यटनमन्त्रीहरु आउने दाबीसमेत गरिरहेका छन् । तर, कम्तीमा तीन महिनापहिले हुनुपर्ने यी काम तीन साताअघि मात्र गरिँदा देशभित्रै सार्वजनिक प्रचारभन्दा बढी उपलब्धि हासिल गर्दैनन् भन्ने प्रष्ट छ ।

राज्यले भ्रमण वर्ष मनाउनुअघि हामी किन मनाइरहेका छौं भन्नेमा पहिले नै स्पष्ट हुनुपर्छ । राष्ट्रपतिले सार्वजनिक गरेको नीति तथा कार्यक्रम, अर्थमन्त्रीले संसद्को संयुक्त बैठकमा पेस गरेको बजेट तथा प्रधानमन्त्रीका सम्बोधनलगायतमा यसको स्पष्ट आधार हुनुपर्थ्यो । हुन त मन्त्री भट्टराईले बुधबार कूटनीतिक नियोगका प्रतिनिधिहरुसँग 'भूकम्पपछि नेपाल सुरक्षित छ भन्ने सन्देश दिन' भ्रमण वर्ष आयोजना गरिएको स्पष्ट पारिसकेको देखिन्छ । भूकम्पपछि चार वर्ष बितसकेको र यो अवधिमा झन्डै ४० लाख विदेशीले नेपाल भ्रमण गरिसकेकाले यतिबेला यो अर्थहीन अभिव्यक्तिमात्र हो ।

भूकम्पले क्षतिग्रस्त सम्पदा पुनर्निर्माणको चरणमा रहेकाले पक्कै पनि पर्यटकले हेर्ने स्थानहरु साँघुरिएकै छन् भने पुनर्निर्माण कसरी भइरहेको छ भनेर हेर्न आमन्त्रण गर्ने हो भने पनि त्यसमा रूचि राख्ने मास पर्यटक हुन सक्दैनन् । यसैले सरकार भ्रमण वर्षको उद्देश्यमै अलमलिएको देखिन्छ । जबकि सन् २०२० लाई हामी किन नेपाल भ्रमण वर्ष मनाइरहेका छौं भन्ने ज्ञान सामान्य नागरिकलाई पनि हुनसके मात्र यसको सार्थकता रहन्छ र पर्यटकलाई न्यानो आतिथ्यता प्रदान गर्न सबै नेपाली आतुर पनि रहन्छ ।

नेपालको प्राकृतिक सुन्दरता, सम्पदा तथा संस्कृति संसारकै अद्वितीय हुन् भन्नेमा सन्देह छैन । जलवायु परिवर्तनले विश्व नै संकटमा परिरहेका बेला नेपालले यसको प्रभावबाट आफूलाई जोगाउन तथा अन्य मुलुकले पुऱ्याएको क्षतिलाई समेत पूर्ति गर्ने गरी कसरी पर्यावरण र वन्यजन्तु जोगाइरहेको छ भनेर हेर्नका लागि पर्यटकलाई आमन्त्रण गर्न सकिन्थ्यो । यसमा भने भ्रमण वर्षका परिकल्पनाकारहरु नै चुकिरहेको देखिन्छ । नेपालको मौलिक कला, संस्कृति भनेका नेपाल आउने पर्यटकलाई दिनसकिने अतिरिक्त सुविधामात्रै हुन् । हामीले विदेशी पर्यटकलाई देखाउने भनेकै यहाँको प्राकृतिक सुन्दरता र जैविक विविधता नै हो । यसबाहेक नेपालीको आतिथ्य सत्कार तथा अर्गानिक उत्पादन सेवाका अन्य आयाम हुन् ।

सन् १९९८ को नेपाल भ्रमण वर्ष र सन् २०११ को नेपाल पर्यटन वर्षमा पनि संख्यात्मक लक्ष्य पूरा भएन । १९९८ मा ५ लाख र २०११ मा १० लाख पर्यटक ल्याउने भनिए पनि त्यसको हाराहारीमात्र पुगेका हुन् । दुवै अभियान सफल मानिन्छन् र यसो हुनुको पछाडि पूर्वतयारी नै प्रमुख रह्यो । यस वर्ष भने तयारीमा हामी धेरै चुकिसकेका छौं र पर्यटक आकर्षित गर्न बरू निजी क्षेत्रले केही घोषणा गरेको छ तर राज्यस्तरबाट सुविधाका लागि सरकारमातहतका निकायमा कुनै निर्देशनसमेत भएको छैन । उदाहरणका लागि भ्रमण वर्ष अवधिभर पशुपतिनाथ, बौद्धनाथ, दरबार क्षेत्र र निकुञ्जलगायतका क्षेत्रको प्रवेशमा लाग्दै आएको शुल्क मिनाहा वा भारी छुट दिन सकिन्थ्यो । निजी क्षेत्रलाई पनि छुटमार्फत प्रोत्साहन दिन सकिन्थ्यो । यी सबैमा सरकार चुकेको देखिन्छ ।

नेपाल भ्रमण वर्षको अवधारणा न वर्तमान सरकारको हो, न त यसका लागि नयाँ पर्यटनमन्त्रीले नै सोच अघि सारेका हुन् । चौधौं योजनाको दस्तावेजमा नै २०७३ लाई आन्तरिक पर्यटन वर्ष र सन् २०१८ लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउने उल्लेख थियो । यसैअनुरुप २०७३ लाई घुमफिर वर्षका रुपमा मनाउने भनेर पर्यटन वर्षले घोषणा त गऱ्यो, तर त्यसका लागि आवश्यक प्रबन्ध गर्नै सकेन । सरकारका सम्बन्धित मन्त्रालयहरू (पर्यटन, नागरिक उड्डयन र संस्कृति तथा अर्थमन्त्रालय)

बीच समन्वय नमिलेका कारण घुमफिर वर्षको कार्यविधि नै अड्कियो । पर्यटन मन्त्रालयले बनाएको निर्देशिकालाई स्वयं मन्त्रिपरिषद्ले पारित गरिदिएन । यसअनुसार सरकारी तथा गैरसरकारी क्षेत्रमा काम गर्ने कर्मचारीलाई घुमफिर गर्नका लागि सातदिने भुक्तानीयुक्त बिदा (पेड-लिभ) दिने प्रस्तावित गरिएको थियो । अहिले निजी क्षेत्रका वाणिज्य बैंकहरुसहित नेपालमा कार्यरत केही दातृ निकायअन्तर्गतका कार्यालय, केही बहुराष्ट्रिय प्रतिष्ठान र सीमित निजी कर्पोरेट कार्यालयहरुमा संस्थाले नै निश्चित रकम प्रदान गरी वार्षिक ७ देखि १२ दिनसम्म ‘फोर्स लिभ’ दिने चलन छ । यस्तो व्यवस्थाले कर्मचारीहरुमा पुनर्ताजगीसहित आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने गरेको छ ।

नेपालका दुई छिमेकी मुलुकहरुको उदाहरण हेर्ने हो भने गत वर्षमात्र चिनियाँहरुले ५.१ अर्ब पटक आन्तरिक पर्यटकीय घुमफिर (ट्रिप) गरेका छन् भारतमा यो अनुपात १.६१ अर्ब पटक भएको देखिन्छ । दुवैको जनसंख्या हेर्दा चीनको १ अर्ब ३७ करोड र भारतको १ अर्ब ३२ करोड छ । तुलनात्मक रुपमा भारतीयको दाँजोमा चिनियाँ पर्यटकको आन्तरिक घुमफिर बढी भएको यो विवरणले देखाउँछ । यसको सोझो अर्थ के हो भने आन्तरिक पर्यटनमा दुवै मुलुकले जोड दिएका छन् । हामीकहाँ भने आन्तरिक भनेपछि पर्यटक नै होइन, यिनलाई पर्यटकीय स्तरको सेवा नै दिनु हुँदैन भन्ने मानसिकता हाबी छ । यही सोच हटाउन पनि पर्यटन मन्त्रालयले घुमफिर वर्षको अवधारणा अघि सारेको थियो ।

आन्तरिक घुमफिर वर्ष नै सही ढंगले व्यवस्थापन र सञ्चालन गर्न नसकेको पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डले यसअघि प्रस्तावित ‘भिजिट नेपाल इयर २०१८’ आयोजना गर्न सक्ने सम्भावना नै थिएन । सोही कारण २०७२ वैशाख (सन् २०१५) को भूकम्पका कारण भत्किएका सम्पदा र ट्रेकिङ ट्रेलहरुको मर्मत-सम्भार नसकिएको भन्दै भ्रमण वर्ष २०२० मा सार्ने प्रस्ताव अघि सारिएको हो ।

सन् २०२० मा २० लाख पर्यटक भित्र्याउन लक्ष्य राखिरहँदा हालका केही पर्यटकीय सूचकांकहरु हेरौं । नेपालले २०११ को पर्यटन वर्षमै १० लाख पर्यटक ल्याउने भने पनि गत वर्ष सन् २०१८ मा मात्र यो संख्या पुगेको देखिन्छ । यो हालसम्मकै उच्च अंक हो, तर यो पनि सन् २०११ मा मनाइएको ‘नेपाल पर्यटन वर्ष’मा राखिएको लक्ष्य, त्यसको ७ वर्षपछि पूरा भएको हो, त्यसैले पर्यटनसम्बद्ध संस्थाहरुले कुनै उत्सव मनाइहाल्नुपर्ने कारण भने छैन । त्यसो त नेपालमा हरेक १० वर्षमा पर्यटकको संख्या दोब्बरले वृद्धि हुने गरेको उपलब्ध विवरणहरुले देखाएका छन् । सरकार वा निजी क्षेत्रले खासै पहल नगरे पनि हासिल हुने यही उपलब्धिलाई टेकेर आत्मरतिमा रमाइरहने कि नयाँ ढंगले पर्यटकीय क्षेत्रको सुधारको प्याकेजसहित अगाडि बढ्ने भन्ने नै अहिलेको मुख्य प्रश्न हो ।

नेपालभन्दा पछि आफ्नो बजार पर्यटनका लागि खुला गरेका विश्वका अन्य मुलुकहरुको पर्यटन उपलब्धि हेर्दा हामीले लाजै मान्नुपर्ने स्थिति छ । नेपालमा कमजोर आर्थिक वृद्धिदरदेखि आमनागरिकको जीवनस्तरमा पर्याप्त सुधार नहुनुसम्मका सबै कारणको पछाडि एउटै कारण देखाएर पन्छने गरेका छौं– दसवर्षे माओवादी जनयुद्धले गर्दा खत्तमै भयो नि ! पर्यटनको विकास नहुनुका पछाडि पनि यही कारण देखाएर तर्किइने गरिएको छ । माओवादी युद्ध सुरू भएको सन् १९९६ मा जम्मा ३ लाख ९३ हजार पर्यटकले नेपाल भ्रमण गरेकोमा ‘भिजिट नेपाल इयर १९९८’ मनाइएपछि सो वर्ष ४ लाख ६३ हजार पर्यटकले नेपाल भ्रमण गरे भने १९९९ मा यो आँकडाले झन्डै ५ लाख छोयो । माओवादी युद्ध चरमचुलीमा पुगेको २००१ मा पनि करिब ३ लाख ६१ हजार पर्यटकले नेपाल भ्रमण गरेकोमा यहाँको जनआन्दोलन, राजनीतिक उथलपुथलसँगैको अस्थिरताका कारण सन् २००२ मा पुनः पर्यटक संख्या २ लाख ७५ हजारमा झर्‍यो । त्यसपछि पर्यटक आगमन राजनीतिक परिवर्तनपछि मात्र लयमा फर्किएको देखिन्छ ।

त्यसो त नेपाल पर्यटन बोर्डले करोडौंको बजेट विभिन्न देशका अर्थहीन रोड शो र ट्राभलमार्टहरुमा गएर ब्रोसर र लिफ्लेटमात्रै बाँडेको छ । योभन्दा बरू एकपटक नेपाल आएर फर्केका, नेपालप्रति सद्भाव राख्ने पर्यटकहरुले गरेको मौखिक प्रचारप्रसारले निकै प्रभावकारी भूमिका खेल्दै आएको छ । गैरआवासीय नेपालीलाई सद्भावदूत पनि घोषणा गरिएकै हो तर त्यसको नतिजा पनि प्रशंसा गर्न लायक देखिएको छैन ।